**DRISHTIKON**, 15(1), RMC, MMC, DHARAN, ISSN: 2382-5456, 2025.

# दुबसु क्षेत्रीका कवितामा विपठन

**अनिल अधिकारी**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रि. वि. , नेपाल

Email : aniladhikaribhojpur@gmail.com

https://doi.org/10.3126/dristikon.v15i1.77137

## लेखसार

प्रस्तुत लेख कवि दुबसु क्षेत्रीका कवितामा विपठन मूल समस्यासँग सम्बन्धित विषयको विश्लेषणमा केन्द्रित रहेको छ । पुस्तकालयबाट सङ्कलित सामग्रीको उपयोग गरिएको यस लेखमा गुणात्मक अनुसन्धान पद्धति तथा पाठमा प्रस्तुत विषयवस्तुको विश्लेषणमा आधारित विश्लेषणात्मक विधिको उपयोग भएको छ । विनिर्माणिक प्रक्रियाका रूपमा विपठन साहित्यमा अन्तर्पाठीयताका माध्यमबाट कुनै पनि कृति स्वायत्त, सार्वभौम तथा स्वतन्त्र विधात्मक अभिलक्षणयुक्त नभई बहुल सौन्दर्यनिर्मितिमा आधारित हुन्छन् भन्ने अवधारणा हो । कवि क्षेत्रीका कविता पूर्वपाठको पुनर्पठन र उत्तरपठन भई संरचित रहेका छन् । यिनका पूर्वपाठको पुनर्पठन गरी रचना गरिएका कवितामा नेपाली साहित्यका मानवभूगोलमा स्थापित मानवीय विश्वाससँग सम्बन्धित आप्तवाक्यका साथै पूर्वस्थापित साहित्यकारका सिर्जनामा अभिव्यक्त गरिएका विषयलाई जस्ताको तस्तै प्रयोग गरी नयाँ पाठनिर्मितिका लागि अन्तर्वस्तुका रूपमा उपयोग गरिएको छ । पूर्वपाठको उत्तरपठन गरिएका कृतिका विषयवस्तु, कला र भावसौन्दर्यको निर्मितिका लागि पुनर्पठनकै सादृश्य पाठको विपठन गरिएको छ । यस लेखमा विनिर्माणिक प्रक्रियाका रूपमा विपठनसम्बन्धी अवधारणाका आधारमा क्षेत्रीका कविताको विश्लेषण गरी काव्यिक सौन्दर्य निर्मितिका लागि पुनर्पठन र उत्तरपठन गरिएका कृति साहित्यिक रूपमा बहुल सौन्दर्य प्रस्तुत गर्ने पाठमा परिणत भएको विषयमा विमर्श गरिएको छ ।

*शब्दकुञ्जी* : अन्तर्पाठ, अन्तर्पाठीयता, उत्तरपठन, विनिर्माण, विपठन

## विषयप्रवेश

नेपाली कविताको समसामयिक सन्दर्भका कवि दुबसु क्षेत्री (२०२१) २०३६ देखि हालसम्म काव्यिक साधनालाई निरन्तरता दिने कवि हुन् । कवि क्षेत्रीका कविता प्रयोगधर्मी तथा सासामयिक कलाचेतका साथै समकालीन मानव समाजको प्रतिविम्ब, युगीन यथार्थका साथै मानवतावादी सन्देशको प्रकटीकरण मुख्य अन्तर्वस्तुमा आधारित रहेका छन् । नेपाली समाजमा विद्यमान राजनैतिक प्रतिकूलताप्रति व्यङ्ग्य, विद्रोह तथा नागरिक अधिकारका पक्षमा दृढप्रतिज्ञ भावको अभिव्यञ्जना गरिएका क्षेत्रीका कवितामा नेपाली समाजको युगचेतका अन्तर्यमा स्वतन्त्र नेपाल  र सार्वभौम नेपाली जनतासम्बन्धी अवधारणा केन्द्रीय विषयका रूपमा अभिव्यक्त भएका छन् । काव्यिक कथ्यनिर्मितिमा नेपाली जातीय गौरव र स्वाधीन नेपाली नागरिकको भाव आम नेपालीको चेतनामा स्थित रहेको कथ्यसन्देश प्रस्तुत गर्ने क्षेत्रीका *अश्वमेध यज्ञका घोडाहरू* (३०६७), *दुबसु क्षेत्रीका नयाँ कविता* (२०७३) कवितासङ्ग्रहका अतिरिक्त *अवतार विघटित हनुमान* (२०७७) काव्यका साथै मुक्तकसङ्ग्रह र गजलसङ्ग्रहहरू  प्रकाशित रहेका छन् । कविता लेखनका क्रममा पूर्वपाठको पुनर्पठन र उत्तरपठन गरी संरचित क्षेत्रीका कविता विपठनका आधारमा अध्ययनीय रहेका छन् ।

कवि क्षेत्रीका कविता पूर्वपाठको विपठन भई संरचित छन् । कवि क्षेत्रीका कवितामा नेपाली साहित्यमा पूर्वस्थापित कविका कृतिको पूर्वपाठको पुनर्पठन र उत्तरपठन गरी नयाँ पाठको संरचना निर्माण गरिएको छ । पूर्वपाठको पुनर्पठन र उत्तरपठनका आधारमा विपठन गरिएका कवितामा काव्यिक सौन्दर्यको अभिव्यञ्जनाका दृष्टिले पुरानो र नयाँ दुबै पाठको कला र भावसौन्दर्यको अन्तर्मिश्रण भएका पाठको निर्माण भएको छ । साहित्यलाई विशिष्ट कलाचेतको अभिव्यञ्जना मान्ने साहित्यसिद्धान्तको सार्वभौम सिद्धान्तका आधारमा यसप्रकारको पाठगत अन्तर्मिश्रण बिम्ब र आलङ्कारिकता सिर्जना गर्ने माध्यम रहे पनि उत्तरआधुनिकतावादी बहुल सौन्दर्यसम्बन्धी अवधारणाका आधारमा यो पाठगत सत्ताको विघटन हो । उत्तरआधुनिकताको बहुलतालाई स्थापित गर्न केन्द्रका रूपमा रहेका मानकको भञ्जन गर्ने भाषिक दर्शन र सिद्धान्तको स्थान विनिर्माणलाई प्राप्त छ । विनिर्माणले पूर्वपाठको आवृत्ति, प्रयोग तथा त्यसको अन्तर्वस्तुको प्रतिबिम्बन पछिल्ला पाठमा हुने प्रयोग र प्राप्तिलाई कृतिगत सौन्दर्यको विघटनका रूपमा प्रस्तुत गरी ती कृतिलाई विपठनका आधारमा अध्ययन गरिनुपर्ने सैद्धान्तिक अवधारणा स्थापना गरेको छ । कृतिरचनाका क्रममा पूर्वपाठको विपठन गरी नयाँ पाठको सौन्दर्यनिर्मिति अन्तर्पाठीय विशेषतायुक्त हुने तथा यसप्रकारका रचना स्वतन्त्र कृति नभई विनिर्मित पाठ हुने विनिर्माणिक प्रक्रियाका रूपमा विपठनसम्बन्धी सैद्धान्तिक मत स्थापित रहेको छ । विपठनसम्बन्धी अवधारणाका आधारमा क्षेत्रीका कविता अध्ययनीय छन् । यस लेखमा कवि क्षेत्रीका कवितामा विपठन मुख्य समस्यालाई आधार मानी पूर्वपाठको पुनर्पठन र उत्तरपठनसम्बन्धी विषयको विश्लेषण र संश्लेषण गरिएको छ । कविताको विपठनसम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा त्यसको प्रायोगिक पक्षका विषयमा अध्ययन गर्नचाहने अध्येताका लागि उपयोगी रहने यस लेखको प्राज्ञिक महत्त्वको पनि पुष्टि हुन्छ ।

**सैद्धान्तिक अवधारणा**

विपठन विनिर्माणिक प्रक्रिया हो । विनिर्माणिक प्रक्रियाका रूपमा विपठनको अवधारणा साहित्यिक विधाकेन्द्रको केन्द्रगामी मान्यताको विपरीत स्थापित अवधारणा हो । विपठनसम्बन्धी अवधारणाको निर्माण विनिर्माणको सैद्धान्तिक मान्यतामा सन्निवेश रहेको छ । केन्द्रगामी मान्यतालाई अस्वीकार गर्ने विनिर्माण आफैंमा विपठन हो भने यसको अभिन्न अङ्गका रूपमा विपठन पाठनिर्मितिसम्बन्धी नित्से, हाइडेगर, फ्रायड, हुर्सेल, लकान आदिले सङ्केत गरेका संरचनासम्बन्धी अवशिष्ट संरचनाका विषयमा अघिसारेका पूराकथासँग सम्बन्धित विषयको भाषिक पुनर्रचनासम्बद्ध अन्तर्क्रिया तथा तिनलाई प्रतिस्थापन गर्ने क्रममा भएको हो (स्पीभाक, सन् १९९७, पृ. xxix) । विनिर्माणले साहित्य निरन्तर आवृत्ति भइरहने विधा रहेकाले यो आफैंमा स्वतन्त्र र स्वायत्त विषय नभई पूर्वपाठको पुनरावृत्ति भइरहने अवधारणाका आधारमा विपठनका स्वरूप तथा प्रतिमानसम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गरेको छ ।

विनिर्माणले पाठको निर्माण अनेक पाठ र त्यसमा पनि पूर्वपाठको अन्तर्मिश्रणबाट मात्र सम्भव हुने अवधारणा नै विपठनसम्बन्धी सैद्धान्तिक मान्यताको आधार हो । विपठन पाठ संगठित संरचना विधानमा आधारित हुन्छ भन्ने परम्परागत मान्यता विपरीत शब्द र अर्थ सङ्कथनका तहमा परिवर्तन भई केन्द्रीय मान्यतालाई अर्थ्याउने आधार हुन् भन्ने परस्परागत अर्थलाई अन्त्य गरी प्रकारान्तरले ती नवीन केन्द्रीकृत अर्थका नभई संरचना विधानको विपरीत अभ्यास हो (डेरिडा, १९९२, पृ.११२२) । विपठन पाठको निर्मितिमा पूर्वपाठमा रहेका भाषिक सङ्केतको आवृत्ति हुनु आफैंमा पाठगत स्वायत्तताको भञ्जन हुनु हो भन्ने मान्यतालाई सैद्धान्तीकरण गर्ने विनिर्माणको प्रतिमान हो । विपठन पाठनिर्मितिसँगै पाठप्रतिको पाठकीय दृष्टिकोणमा अन्तनिर्भर रहने मान्यता रहेकाले यसले पाठमा विद्यमान पुनर्प्रयोग, पाठमा रहेका भिन्नता, प्रभाव, पाठात्मक रचनाको प्रतिस्थापन, पाठको विषय, त्यसको प्रभाव र उपस्थितिको संवेदनशीलतालाई प्रस्तुत गर्दछ (डेरिडा, सन् १९८१, पृ. ४४) । विपठन

पूर्वपाठमा रहेका रिक्तता, अवशेष र भिन्नताको पुनर्निर्माणका साथै पाठप्रति पाठकीय दृष्टिकोणमा निर्भर रहेको विषय पनि हो । कृति रचनाका क्रममा विपठनको सिर्जनात्मक प्रयोजन दुई पाठमा अभिव्यक्त भएका विषयको निरन्तरता, विपठनका आधारमा त्यसको खण्डन, पुनर्पठनका माध्यमबाट त्यसको औचित्य एवम् सार्थकताको समर्थनजस्ता माध्यमबाट दुई पाठ बिचको प्रभावको मूल्याङ्कन हो (पोड्गोज्ना, सन् २०१८, पृ. ९४) । विनिर्माणिक प्रक्रियाका रूपमा पाठमा पूर्वपाठका अंश तथा त्यसका विद्यमान रिक्तताको भरण कसरी भएको छ भन्ने पक्षको खोजी गरिन्छ । पाठमा अन्तर्पाठीयताको पूर्वपाठको विपठन परवर्ती पाठका कसरी भएको छ भन्ने पक्षको खोजी गर्ने तथा पाठनिष्ठ अध्ययन गर्ने अनुशासन रहेको छ । दुबसु क्षेत्रीका कविता पूर्वपाठको विपठन भई संरचित रहेका छन् भने यिनका कविताको विश्लेषण विपठनका पुनर्पठन र उत्तरपठनजस्ता प्रतिमानका आधारमा तलका सन्दर्भमा गरिएको छ ।

## शोध सामग्री तथा विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । यस लेखका लागि सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखको प्राथमिक स्रोतका सामग्री दुबसु क्षेत्रीका कविता हुन् । यस लेखमा प्राथमिक सामग्री दुबसु क्षेत्रीका छापा माध्यममा प्रकाशित समग्र कविताको पठन गरी विपठन भई संरचित कविताको सोद्देश्य चयन गरिएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा विपठनसम्बन्धी सैद्धान्तिक आधार र अवधारणा निर्माण गर्नका लागि उपयोग गरिएका सन्दर्भसामग्री रहेका छन् । कवितामा पूर्वपाठको विपठन गरिएका विषयका आधारमा कृतिको विश्लेषण गरिने यो लेख विषयवस्तु विश्लेषणमा आधारित अध्ययन हो । यस लेखमा सामग्रीको अर्थापनका लागि विवेचना, व्याख्या र विश्लेषणविधिको उपयोग गरिएको छ ।

## परिणाम तथा छलफल

कवि दुबसु क्षेत्रीका कवितामा पूर्वपाठको पुनर्पठन र उत्तरपठन गरी काव्यिक पाठ रचना गरिएको छ । कवि क्षेत्रीका कवितामा मीथकका रूपमा स्थापित ज्ञानको स्रोतका रूपमा रहेका पौराणिक र ऐतिहासिक पूर्वपाठमा साथै नेपाली साहित्यमा स्थापित साहित्यकारका पूर्वपाठको पुनर्पठन र उत्तरपठन गरी नवीन कृतिलाई संरचनात्मक स्वरूप दिइएको छ । काव्यिक संरचना र शिल्पसौन्दर्यको अभिव्यक्तिलाई बौद्धिक र प्रखर तुल्याउनका लागि पूर्वपाठमा अभिव्यञ्जित भावसौन्दर्यलाई समकालीन सन्दर्भसँग जोडेर प्रस्तुत गरी संरचित क्षेत्रीका कवितामा पूर्वपाठको प्रस्तुति तिनमा अभिव्यक्त कथ्यको समकालीन औचित्यलाई पुष्टि गर्ने प्रमाणका साथै स्थिर मानवीय प्रवृत्तिका कारण समाज यथास्थितिवादी नै बनिरहेको नेपाली मानसिकताको चित्रण गर्ने प्रयोजनका लागि भएका छन् । कवि क्षेत्रीका कवितामा पुनर्पठन र उत्तरपठनका माध्यमबाट विपठन भई अन्तर्पाठीयताको अभिव्यञ्जना भएका कविताको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

### दुबसु क्षेत्रीका कवितामा पुनर्पठन

पुनर्पठन साहित्यिक कृतिमा पूर्वपाठको प्रयोग जस्ताको तस्तै उपस्थित भई पश्चपाठका सौन्दर्य निर्मितिलाई प्रभावित तुल्याउने विपठनको प्रतिमान हो । पुनर्पठन पूर्वपाठमा रहेका विषयले प्रतिबिम्बन गरेको विषयका बारेमा जनजीवनको अनुभव तथा ती अनुभवमा विद्यमान अनुभूति एवम् तिनको मानव मनोविज्ञानसँगको सम्बन्ध आदि कारणले पाठकका मानसिकतामा स्थापित हुने पुनर्निर्मित कथ्य तथा पाठप्रतिको धारणा निर्माण हुनु पाठीय सौन्दर्यप्रतिको दृष्टिकोण हो (चान्डलेर, १९९७, पृ. ६) । कृतिलेखनका क्रममा पूर्वपाठको प्रयोग तथा प्रयोजन त्यसमा अभिव्यक्त धारणा, मान्यता तथा अन्तर्वस्तुको पछिल्ला सन्दर्भमा पनि औचित्य रहेको छ भन्ने

तथ्यलाई प्रस्तुत गर्ने आधार पनि हो । पुनर्पठन पूर्वपाठका रूपमा स्थापित भएका ज्ञान एवम् तिनमा विद्यमान अन्तर्वस्तुको पछिल्ला पाठमा प्रतिबिम्बन हुने तथा गरिने प्रक्रिया रहेको छ । पुनर्पठनको पहिचान एउटा पाठमा अर्को पाठ, पाठांशको प्रस्तुति, प्रयोग र मिश्रण, ती दुई भिन्न विशेषता भएका विधा, अविधा तथा दर्शनको मिश्रणबाट सिर्जना हुने प्रक्रिया हो (म्याकहेल, सन् १९८७, पृ. १२२) । पुनर्पठन भई संरचित पाठ अन्तर्विधात्मक विशेषताका कारण एकै रचनामा भिन्नभिन्न पाठको सौन्दर्यको अन्तर्मिश्रणबाट रचना गरिएका हुन्छन् । पाठ एक बहुआयामिक स्पेस रहेकाले यसमा अनेक प्रकारका लेखन स्रोतहरू मिसिन्छन्, ठोकिन्छन्, घुलित हुन्छन् । ती मध्ये कुनै पनि मौलिक नभई यी पुनर्पाठको अभिलक्षणमा आधारित रहन्छन् (भट्टराई, २०६४, पृ. ११९) । विनिर्माणले साहित्यिक कृतिलाई विधाकेन्द्रका रूपमा नभई बहुलतामा आधारित सौन्दर्यको अन्तर्मिश्रण हुने पाठका रूपमा परिभाषित गरेको छ भने पूर्वपाठको प्रतिबिम्ब प्रस्तुत भएका कृति स्वतः विनिर्मित हुने सैद्धान्तिक अवधारणा निर्माण गरेको छ ।

पुनर्पठन साहित्यिक सौन्दर्यमा बहुलता स्थापना गर्ने आधार रहेको छ । पुनर्पठन लेखककै सापेक्ष पाठकलाई पनि समानान्तर गतिशील तुल्याई पाठको विषय, अर्थ र पुनर्सिजनलाई गतिशील तुल्याउने माध्यम हो । पुनर्पठन पाठ निर्मितिमा नयाँ आविष्कारको अपेक्षा गर्ने, पाठकको प्रयत्नबाट पुनर्निर्माण र पुनर्सृजनको अपेक्षासहित विविधतापूर्ण र अनिर्धारित अर्थप्राप्तितर्फ आकृष्ट रहोस् भन्ने विषयमा आधारित रहने भएकाले लेखककै समानान्तरतामा सर्जक र सिर्जना निर्माण हुने भएकाले यसप्रकारको चक्रीय प्रणालीमा आधारित विषय हो (गौतम, २०७१, पृ. १४०) । कृति रचनाका क्रममा पूर्वपाठको पुनर्पठन गरी संरचित कृतिमा दुबै पाठको सौन्दर्य समानान्तर रूपमा सक्रिय रहने भएकाले यसप्रकारको रचनाविधान अवलम्बन भएका कृति सिर्जनात्मक विधा नभई विधागत बहुलताको उपस्थिति भई विनिर्माण भएका रचना बन्नपुग्दछन् । नेपाली कविता परम्परामा दुबसु क्षेत्रीको अश्वमेध यज्ञका घोडाहरू कवितासङ्ग्रहका कवितामा पूर्वपाठको पुनर्पठन भई संरचित कवितामध्ये निम्नलिखित पङ्क्तिपुञ्ज व्याख्येय छ :

इस्लाममा पनि
एउटा सिया अर्को सुन्नी भयो
बौद्धमा पनि
ऊ हीनयान भयो, अर्को महायान भयो
इसाईमा पनि
एउटा क्याथोलिक अर्को प्रोटेस्टेन्ट भयो (क्षेत्री, २०६७, पृ. ९८) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कवि दुबसु क्षेत्रीको 'दुबसु क्षेत्रीसँग' कविताको अंश पुनर्पठन गरिएको छ । यस पङ्क्तिगुच्छमा पूर्वपाठको अन्तर्वस्तुका रूपमा आएको मानवतावादी सन्देश तथा धर्मका नाममा विभाजनमा परेको मानवजाति सारभूत रूपमा एउटै रहेको कथ्यविषय दोस्रो रचनामा सोद्देश्य प्रस्तुत गर्ने सन्दर्भमा पूर्वपाठको पुनर्पठन गरिएको छ । यस पङ्क्तिगुच्छमा पहिलो पाठमा रहेको कथ्यविषयलाई प्रयोग गर्नुको प्रयोजन मानवतावादी जीवनचेतना कालजयी तथा जुनसुकै युगमा पनि मान्छेकै लागि समर्पित रहेको तथा मान्छेलाई नियन्त्रण गर्नका लागि निर्माण र निर्धारण गरिएका सीमारेखा, धर्म, संस्कृति, जाति तथा सांस्कृतिक विविधताको अन्धोपनका कारण मान्छेमान्छेका द्वेष, ईर्ष्या र भिन्नता सिर्जना गर्ने कृत्रिम आधारको कल्पना गरिएको विषयप्रतिको असन्तुष्ठि अभिव्यक्त गर्ने सन्दर्भमा भएको छ । कवि क्षेत्रीका कवितामा पुनर्पठन गरिएको उद्धरणका रूपमा निम्नलिखित पङ्क्तिगुच्छ विश्लेषणीय रहेको छ :

बीसौं शताब्दीमा जतातातै रगत भयो

बीसौं शताब्दी रगत भयो
विजय दाइ !
तिमीले जस्तै म पनि
सबै नदीहरूमा रगत बगेको देख्छु (क्षेत्री, २०६७, पृ. १००) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कवितामा कवि विजय मल्लको 'यस धरतीको पानीमा' कविताको अंश पुनर्पठन गरिएको छ । मान्छेद्वारा मान्छेमाथि नियन्त्रण गर्नका लागि निर्माण गरिएका धर्म, संस्कृति, सीमारेखा, कानुन तथा सामाजिक रीतिको कृत्रिमता नै मानव सभ्यताको बाधक भई युद्धमा परिणत भएको अन्तर्वस्तु निर्माणका लागि पूर्वपाठको पुनर्पठन गरिएको यस पङ्क्तिगुच्छमा धर्म, संस्कृति, प्रथा-परम्परा, सीमारेखा आफ्नो सभ्यतालाई उचो देखाउने माध्यम नभई मान्छेका लागि मान्छेको आवश्यकताबोध नै वास्तविक सभ्यता रहेको भावनिर्मिति प्रस्तुत भएको छ । काव्यिक रचनाका क्रममा पूर्वप्रकाशित कविताको अंशको पुनर्पठन गरी पछिल्लो पाठ रचनाका लागि विषयगत निरन्तरता प्रस्तुत गरिएको रचनाका रूपमा निम्नलिखित पङ्क्तिगुच्छ विश्लेषणीय छ :

त्यसैले
वेद र बाइबल भन्नु एउटै कुरा हो
पुराण र कुरान भन्नु एउटै कुरा हो
एउटै कुरा हो
गीता र गुरुग्रन्थसाहिबा भन्नु पनि (क्षेत्री, २०६७, पृ. १०२) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कवि दुबसु क्षेत्रीको 'तेस्रो आँखा' कविताको अंश पुनर्पठन गरिएको छ । यस पङ्क्तिगुच्छमा पूर्वपाठको पुनर्पठन आस्था, विश्वास र तत्जन्य सांस्कृतिक मान्यताका नाममा विभाजित मान्छे जुनसुकै धर्ममा आधारित रहे पनि तिनको साविक पहिचान मान्छे नै हो भन्ने काव्यिक अन्तर्वस्तु सिर्जना गर्ने सन्दर्भमा भएको छ । मान्छे प्रथमतः मानिस तथा त्यसपछाडि मात्रै सभ्यता, संस्कृति, धर्म, जाति, सम्प्रदाय तथा सीमारेखाको आधार बन्ने अन्तर्वस्तु प्रवाहित प्रस्तुत कवितालाई मान्छेद्वारा मान्छेमाथि नियन्त्रण र बाध्यकारी संहिता निर्माण गरी सिर्जना गरिने अमानवीय बन्धन तथा मानवता विरोधी क्रियाकलापको सदियौंदेखि चलिआएका र निर्माण गरिएका बन्धनलाई अन्त्य गरी मनवताको स्थापना गरिनुपर्ने विषयको प्रकटीकरण गर्ने सन्दर्भमा भएको छ । युद्धकाङ्क्षी मान्छे अर्काको अस्तित्वलाई समाप्त पारी आफ्नो वर्चस्व स्थापनाका लागि सदैव तत्पर रहिरहँदा स्वयम् अनास्तित्वको मार्गतर्फ प्रवृत्त भइरहेको अन्तर्यथार्थबाट अनभिज्ञ रहेको अन्तर्वस्तुको प्रकटीकरण निम्नलिखित पङ्क्तिपुञ्जमा प्रस्तुत गरिएको छ :

युद्ध जितेर मान्छेले मान्छे पाएन
युद्ध जितेर मान्छेले मान्छे जितेन
वासु दाइ ! ठीकै भन्यौ तिमीले
संसारमा कुनै पनि मानिसको
सट्टाभर्ना गर्न सकिँदैन
आफू हारेको उत्सव मनाउनुपर्छ
कुरुक्षेत्रको आलो मासुमा
हिरोसिमा र नागासाकीको दुर्गन्धमा उत्सव मनाउनुपर्छ
उत्सवको ऋतु आतुर भएर उर्लेको छ (क्षेत्री, २०६७, पृ. १०४- १०५) ।

प्रस्तुत एक्काईसौं शताब्दीको गीत -१, उपकविता -६ : उत्सव शीर्षक कविताका उपर्युक्त पङ्क्तिगुच्छमा वासु शशीको 'बीसौं शताब्दीको गीत', कवि ईश्वरवल्लभको 'बीसौं गराको चपरीमा' र कवि जगदीशशमशेर राणाको *नरसिंह अवतार* महाकाव्यको अंश पुनर्पठन गरिएको छ । उपर्युक्त पङ्क्तिगुच्छहरूमा मान्छेले आफ्नो 'स्व' र 'अस्तित्व' का लागि चयन गरेको मानवीय धर्मविहीन मार्गका रूपमा युद्ध, हिंसा र मानवताविहीन परिदृश्यलाई स्थापित गर्ने बीसौं शताब्दीको मानवीय प्रवृत्ति एक्काईसौं शताब्दीमा पनि समानान्तर गतिशील रहेको पक्षलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गर्ने तथा यसप्रकारका मानवीय प्रवृत्ति संस्कृतिमा रूपान्तर भएको विषयको आवाज नेपाली कवितामा भइसकेको एवम् त्यसको सान्दर्भिकता वर्तमानमा पनि उत्तिकै शक्तिशाली रहेको भावनिर्मितिका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ । मान्छेले सर्वप्रथम मानव हुँ भन्ने सादृश्यलाई बिर्सिएर दोस्रो व्यक्तिको अस्तित्वलाई स्वीकार गर्न नसककेको मानव इतिहासको निरन्तरता ढुङ्गे युगदेखि वैज्ञानिक वर्तमानसम्म अक्षुण्ण रहेको मानवीय अवस्थाप्रति चिन्ता र चासोको अभिव्यञ्जना गरिएको मानवतावादी भावप्रकटीकरण गर्नका लागि पूर्वपाठको पुनर्पठन गरिएका कविताका यी पङ्क्तिपुञ्जका आधारमा यो कृति बहुल पाठगत सौन्दर्य प्रस्तुत भएको विधायित रचना बनेको छ । काव्यिक अन्तर्वस्तुलाई बृहत्तर सन्दर्भ र भावसौन्दर्ययुक्त बनाउने प्रयोजनका लागि पूर्वपाठको पुनर्पठन गरिएको निम्नलिखित पङ्क्तिगुच्छ विश्लेषणीय छ :

हो, वैरागी दाइ
तरुणीहरू नील नदीमा खुट्टा धुँदै
यन्त्र, केवल यन्त्र ब्याउन थाले (क्षेत्री, २०६७, पृ. ११०) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कवि वैरागी काइँलाको 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव' कविताको अंश पुनर्पठन गरिएको छ । मूल्यहीन वर्तमानबाट गुज्रिएको मान्छे अनास्तित्वको विभीषिकाबाट उन्मुक्त हुननसकी सन्त्रासमा बाँच्न बाध्य रहेको स्वतन्त्रताविहीन नेपाली सामाजिक परिवेशको चित्रणका लागि पूर्वपाठमा अभिव्यक्त धारणाको औचित्य समकालीन सन्दर्भमा उत्तिकै औचित्यपूर्ण रहेको पृष्ठपोषणका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ । पूर्वपाठमा अभिव्यक्त गरिएका त्रिआयामिक चिन्तन तथा त्यसको दार्शनिकता प्रस्तुत गर्न आयामेली साहित्यिक सौन्दर्यको अन्तर्वस्तु दिक्कालिक सत्य रहेको तथा त्यसको अपरिहार्यता प्रत्येक परिवर्तित समयका लागि पनि सान्दर्भिक रहने भावसौन्दर्यको प्रकटीकरणका लागि पुनर्पठन गरिएको छ । पछिल्लो कविता रचनाका क्रममा पूर्ववर्ती महाकाव्यको अंश प्रयोग गरी अन्तर्पाठीय कृतिगत सौन्दर्यको आमन्त्रण गरिएको निम्नलिखित पङ्क्तिगुच्छ पुनर्पठन भई संरचित रचना हो ।

दुर्योधन फेरि गदा चाहन्छ
शकुनि मामा चाहन्छ
फेरि मृत्यु चाहन्छ
जताततै रगत छर्न चाहन्छ दुर्योधन (क्षेत्री, २०६७, पृ. १३२) ।

प्रस्तुत पङ्क्तिगुच्छमा कवि जगदीशशमशेर राणाको *नरसिंह अवतार* महाकाव्यको अंश पुनर्पठन गरिएको छ । यस पङ्क्तिगुच्छको संरचनाका लागि पूर्वपाठको पुनर्पठन मानवीय स्वतन्त्रताका लागि आफ्नैसँग निरन्तर हिंसात्मक सङ्घर्ष गर्नुपर्ने बाध्यता र विवशतासँग जुधिरहेको मान्छे शक्तिपिपाशाका लागि जस्तोसुकै अमानवीय कार्य गर्न उद्दत रहेको तथा स्वतन्त्रता, स्वाधीनता र अधिकार बिना सङ्घर्ष प्राप्त नहुने थिति बसिसकेको समाजमा अहिंसाको अध्याय समाप्त भइसकेकाले मान्छेको विकल्प भन्नु नै हिंसात्मक सङ्घर्ष रहेको पक्षलाई पृष्ठपोषण गर्ने भावसौन्दर्य निर्मितिका लागि गरिएको छ । यस पङ्क्तिगुच्छमा प्रस्तुत भएको पुनर्पठन निरङ्कुशताको अन्त्य र वास्तविक मानवीय स्वतन्त्रता एवम् अस्तित्वका लागि शान्ति र अवज्ञाको मार्ग पराजित भइसकेकाले तिनको

प्राप्तिका लागि निर्णायक तर हिंसात्मक मार्ग चयन गर्न बाध्य पर्यावरणको प्रस्तुतिका लागि पूर्वपाठको अंश प्रयोग गरिएको यस पङ्क्तिगुच्छमा विपठनका माध्यमबाट अन्तर्पाठीयता सिर्जना भएको छ । परिवर्तनका लागि क्रान्तिको आवश्यकता र उपादेयता निरन्तर आवश्यक रहेको पूर्वपाठमा अभिव्यक्त दृष्टिकोण वर्तमानमा पनि उत्तिकै सार्थक रहेको कथ्यविषयको प्रस्तुतिका लागि निम्नलिखित पङ्क्तिपुञ्जमा पुनर्पठन प्रस्तुत गरिएको छ :

गान्धारीले थुप्रै कुराहरू देखिरहिन्
गान्धारी धृतराष्ट्रझैं जन्मजात अन्धो पनि त होइनन्
गान्धारीले थुप्रै नारसिंही सपनाहरू देखिरहिन्
गान्धारीले थुप्रै फूलबुट्टे सपनाहरू सजाइरहिन् (क्षेत्री, २०६७, पृ. १३५) ।

प्रस्तुत पङ्क्तिगुच्छमा महाकवि लक्ष्मीप्रसाद देवकोटा 'हुरीको गीत' कविताको अंश पुनर्पठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा मान्छेका लागि सत्ता र शक्तिप्राप्तिको बुभुक्षा र त्यसका लागि गरिने प्रयासका कारण मान्छे स्वयम्बाटै प्रताडित बनेको तथा यसप्रकारको एषणा समकालीन मान्छेमा मात्र नभई मानव सभ्यताको विकासदेखि नै निरन्तर गतिशील रहेको विषयको प्रस्तुतिका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ । परिवर्तनका लागि क्रान्तिको अपरिहार्यता तथा त्यसको उग्र स्वरूपबाट मात्रै समाजका विकृति, विसङ्गति, विभेद र मानवता विरोधी मान्यताको अन्त्य हुने काव्यिक अन्तर्वस्तुको प्रस्तुतीकरण भएको पूर्वपाठको भाव सत्ताप्राप्तिका लागि लालायित सबै व्यक्तिका मानसिकतामा विद्यमान रहेको भाव प्रस्तुत गर्ने यस पङ्क्तिगुच्छमा पूर्वपाठको पुनर्पठनका कारण काव्यिक सौन्दर्य व्यञ्जनाप्रधान बनेको छ । अर्काको व्यक्तित्व रक्षाका लागि आफ्ना आकाङ्क्षाको त्याग गर्ने गान्धारी सत्तासुखबाट मुक्त हुनका लागि आँखामा पट्टी बाँध्ने व्यक्ति नभई निरन्तर सत्ताको सुखका लागि भएको तथा उनको पट्टी बाँधिएको आँखाले देख्ने सपना आँखा देख्नेको भन्दा भयानक रहेका कारण समाज ध्वंशको मार्गतर्फ अग्रसर भइरहेको काव्यिक भावनिर्मितिका लागि पूर्वपाठको पुनर्पठन गरिएको यस अंशका आधारमा एक्काइसौं शताब्दीको गीत - २, उपकविता -४, गान्धारी कविता विपठित रचना बनेको छ । पूर्वपाठको पुनर्पठन गरी काव्यिक अन्तर्वस्तुको निर्माण गर्ने निम्नलिखित पङ्क्तिपुञ्ज व्याख्येय छ :

एक्काईसौं शताब्दीमा पनि नयाँनयाँ कुरुक्षेत्रहरू सिर्जना गरेर
कृष्ण
इतिहासलाई कमिज च्यातिइन्जेल घिसार्न चाहन्छ
कृष्ण
फेरि महाभारत चाहन्छ
कृष्ण फेरि महाभारत रच्न चाहन्छ
कृष्ण फेरि महाभारतमा बस्न चाहन्छ
युगले होइन रथले सारथि हाँक्न खोजेको बेला
एक्काईसौं शताब्दीले फेरि सारथि मागेको छ (क्षेत्री, २०६७, पृ. १४७) ।

प्रस्तुत एक्काईसौं शताब्दीको गीत -२, उपकविता -७ : कृष्ण कविताका उपर्युक्त पङ्क्तिगुच्छद्वयमा कवि वैरागी काइँलाको 'हाट भर्ने मानिस' र कवि मोहन कोइरालाको 'सडकको धूलोमा नाटक' कविताको अंश पुनर्पठन गरिएको छ । यी पङ्क्तिगुच्छमा सत्तापिपाशाका कारण मानवीय अस्तित्वलाई मूल्यहीन मान्ने तथा मान्छेको अस्तित्वलाई दाउमा राखेर मानवताको उपहास गर्ने परिवेश र मानसिकताको अन्त्यका लागि निर्णयक युद्धको आवश्यकता रहेको तथा उक्त युद्धमा विजय प्राप्त गर्नका लागि समकालीन स्वतन्त्रताका पक्षधर असक्षम रहेकाले सबै कलामा निपूण नेतृत्वकर्ताको आवश्यकता रहेको भावसौन्दर्यका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ ।

उपर्युक्त पङ्क्तिगुच्छद्वयमा मिथकीय पात्रका रूपमा पूर्वीय सभ्यताले स्वीकार गरेको शक्तिशाली तथा गतिशील पात्रको आवश्यकता अभ्यन्तरित रूपमा शक्ति प्राप्त गर्ने प्रयोजनका लागि नभई भौतिक रूपमै समाजका मानवताविहीन कार्यको अन्त्य गरी मानव स्वतन्त्रताको स्थापना गर्नका लागि गरेको भावनिर्मितिका लागि पूर्वपाठको पुनर्पठन गरिएको हो । कृष्ण युद्धाकाङ्क्षी नभएर पनि मानवताका लागि युद्धलाई निर्णायक मोडमा पुऱ्याउन समर्थ्य रहेको, यसप्रकारको भूमिका समकालीन समयमा अन्यन्त आवश्यक रहेको तथा कुशल सारथिबाटै रथीलाई उचित मार्गदर्शन हुने काव्यिक सौन्दर्य निर्माणका लागि पूर्वपाठको पुनर्पठन गरिएका यी पङ्क्तिगुच्छमा 'हाट भर्ने मानिस' र 'सडकको धूलोमा नाटक' कवितामा प्रस्तुत गरिएका मानव स्वतन्त्रता र अस्तित्वसम्बन्धी अवधारणाको समकालीन समयमा पनि आवश्यकता रहेको पक्षको पृष्ठपोषणका लागि भएको छ । पूर्वपाठको पुनर्पठनका माध्यमबाट पछिल्लो कृतिमा काव्यिक सौन्दर्य अभिव्यञ्जनाका लागि बिम्ब तथा पूर्वपाठमा अभिव्यक्त गरिएका बेहत्तर सन्दर्भलाई परवर्ती समयमा पनि औचित्यपूर्ण रूपमा स्थान दिइएका यी पङ्क्तिगुच्छका आधारमा एक्काइसौं शताब्दीको गीत - २, उपकविता -७, कृष्ण कविता अन्तर्पाठीय भावनिर्मितिका साथ विघटित रचनामा परिणत भएको छ । कवि दुबसु क्षेत्रीको एक्काइसौं शताब्दीको गीत - २, उपकविता -८, नारद कविताका तल उल्लिखित पङ्क्तिपुञ्जहरू पनि पूर्वपाठको पुनर्पठन भई अन्तर्पाठीय पाठ बनेका छन् ।

उहाँ नारद
पुराणमा हुनुहुन्थ्यो, सत्य, त्रेता, द्वापरमा हुनुहुन्थ्यो
हाम्रो निम्तालाई स्वीकार गरेर
यो उत्सवमा उपस्थित हुनुहुन्छ
नारद त्यही एकतारे बजाएर
फेरि रामायण गाउन चाहन्छ
फेरि महाभारत गाउन चाहन्छ
कुरुक्षेत्र र लङ्कामा मरेका अक्षौहिणी-अक्षौहिणी सेनाको
क्रसकाँटी छ र बाइबल छ (क्षेत्री, २०६७, पृ. १४८-१५४) ।

उपर्युक्त चार पङ्क्तिगुच्छमा क्रमशः आदिकवि भानुभक्त आचार्यको *भानुभक्तको रामायण* महाकाव्य, कवयित्री पारिजातको 'जीवन एक बेवारिसे मृत्युको मुचुल्का', कवि दुबसु क्षेत्रीको 'नारद' कवि ईश्वरवल्लभको 'अचेल केही लाइलाकहरू' कविताका अंशको पुनर्पठन गरिएको छ । उपर्युक्त पङ्क्तिगुच्छहरूमा सामाजिक निर्मिति र सत्तासम्बन्धका दृष्टिले कुनै पनि संरचनासँग आबद्ध नरहेर पनि शक्तिपिपाशा र लोकप्रियताका लागि मरिमेट्ने मानवीय प्रवृत्तिका कारण मानवीय स्वाधीनता, स्वतन्त्रता र मानवताको अनेकौं पटक उपेक्षा गरिएको नेपाली राजनीतिक धरातलमा विद्यमान यथार्थको उद्बोधनका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ । । उपर्युक्त पङ्क्तिगुच्छहरूमा मान्छे भएर पनि मानवीय धर्मबाट विमुख भएका चरित्रका कारण नै मानवीय स्वतन्त्रता, स्वाधीनता र मानवीय धर्मको अन्त्य भई मानव बन्धकको परिदृश्य निर्माण भएको काव्यिक अन्तर्वस्तुनिर्मितिका लागि नेपाली राजनीतिक इतिहासमा आमनागरिकले पटकपटक व्यहोर्नु परेको स्वतन्त्रताको अपहरण र निरङ्कुशता भएको सन्दर्भको सूचकका रूपमा पूर्वपाठको पुनर्पठन गरिएको छ । पौराणिक पात्रको समकालीन विशेषताका माध्यमबाट नेपाली समाजको अपहरित स्वाधीन र सार्वभौम अधिकारमाथि कुठाराघात गर्न उद्दत रहेका चरित्रप्रति व्यङ्ग्यका साथै नेपाली नागरिकको स्वतन्त्रताप्रतिको समर्पणको भावसौन्दर्य अभिव्यक्त गर्नका लागि यी पङ्क्तिगुच्छमा प्रस्तुत पुनर्पठनको भूमिका सार्थक रहेका छ भने पूर्वपाठको उपस्थितिका कारण एक्काइसौं शताब्दीको गीत - २, उपकविता -८, नारद कविता सिर्जनात्मक विशेषताबाट सम्पृक्त बहुल सौन्दर्ययुक्त पाठमा

परिणत भएको छ । प्रगीतात्मक कविताको सङ्क्षिप्त आवरणको संरचनाका लागि अनेक कविका कविताको पुनर्पठन गरिएको उद्धरणका रूपमा 'सँधै यस्तो अँध्यारो भइरहँदैन ज्ञानुजी !' निम्नलिखित पङ्क्तिगुच्छ व्याख्येय रहेको छ :

मोहन कोइरालाको गाइने साहिँला
'खै सत्यमेव जयते कहाँ छ' भनेर गीत गाउन छाडेको पनि धेरै भयो
वैरागी काइँलाको मातेको मान्छे
सडकहरू पेरि फाटिदेउ-च्यातिदेउ भन्दै
मेरो टोलतिरको बाटो भएर कुर्लंदै हिँड्न छोडेको धेरै भयो
तुलसी दिवसको चुपचाप चुपचाप सामेल भएको
कि फेरि यो देश ईश्वरवल्लभकी आमाले
आत्महत्या गरेको युगमा प्रवेश गरिसक्यो ?(क्षेत्री, २०६७, पृ. २३८) ।

प्रस्तुत पङ्क्तिगुच्छ कवि मोहन कोइरालाको 'सारङ्गी', वैरागी काइँलाको 'मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित', तुलसी दिवसको 'नीलो जुलुस' जगदीशशमशेर राणाको नरसिंह अवतार तथा ईश्वरवल्लभको आमाले आत्महत्या गरेको देश' कविताका अंशको पुनर्पठन गरी संरचित रहेको छ । प्रस्तुत पक्तिगुच्छ रचनाका लागि पाँचजना कविका पाँच प्रमुख कविताका शीर्षक तथा ती रचनामा अवशिष्ट विशिष्ट कला र भावसौन्दर्यको सारांश काव्यिक अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । यस पङ्क्तिपुञ्जमा नेपाली राजनीतिक तथा सा.स्कृतिक क्षेत्रमा लादिएको एकात्मक निरङ्कुशताका कारण स्वतन्त्रताविहीन बनेका सचेत नागरिकको दमित एवम् विद्रोही चेतनाको अभिव्यञ्जना काव्यिक कलाका रूपमा वर्तमानमा उठेको आवाज नभई पहिल्यै उठिसकेका आवाज रहेकाले ती आवाजको प्रतिध्वनि नै वर्तमानका नारा हुन् भन्ने कव्यिक कथ्यको प्रस्तुतिका लागि पूर्वपाठको पुनर्पठन गरिएको छ । पूर्वपाठको पुनर्पठन गरी संरचित क्षेत्रीका कविता विपठन भई संरचित छन् भने यसप्रकारको अन्तर्पाठीय विशेषताका कारण काव्यिक सौन्दर्यमुक्त पाठमा परिणत भएका छन् । कवि क्षेत्रीका पूर्वपाठको उत्तरपठन भई संरचित कविता पनि अध्ययनीय रहेका छन् ।

**दुबसु क्षेत्रीका कवितामा उत्तरपठन**

उत्तरपठन विपठनको अध्ययन गर्ने प्रतिमान रहेको छ भने यो साहित्यिक सौन्दर्यको अभिव्यञ्जनाका दृष्टिले पूर्वपाठमा अभिव्यञ्जित धारणा तथा कथ्यविषयको पछिल्ला कृतिमा व्याख्या गरिने नवीन पुनर्निर्माण पनि हो । उत्तरपठनको मूलभूत अभिलक्षण भन्नु पूर्वपाठको मौलिकता अन्त्य भई नयाँ पाठको निर्मितिमा पूर्वपाठकै निरन्तरता रहेको छ । विपठनका सन्दर्भमा भाषिक अनुकरणसँग सम्बन्धित भई गरिने सबै प्रकारका लेखन, पठन, विश्लेषण तथा त्यसका विषयमा गरिने कार्य उत्तरपठन हो (मेहल्म्यान, १९७२, पृ. २१) । उत्तरपठन निरन्तर परिवर्तन भइरहने भाषिक विशेषता तथा परिमार्जन भइरहने अध्ययनपद्धतिका आधारमा पुनर्निर्माण र पुनराविष्कार भइरहने प्रक्रिया हो । सृजनात्मक सौन्दर्यका दृष्टिले उत्तरपठन सृजनात्मक सौन्दर्यमा लाक्षणिकता र सङ्क्षिप्तताभित्र बृहत्तर संज्ञानलाई समावेश गर्ने आधाका साथै विरोधाभासजन्य अवस्था तथा इतिवृत्तात्मक कथ्यप्रस्तुतिलाई सङ्क्षेपीकरण गर्नका लागि प्रयोग गरिने माध्यम हो (कलर, सन् २००१, पृ. ११३) । कृतिगत उत्तरपठन पाठमा रहेका रिक्तता तथा त्यसको भरणका लागि प्रयोग गरिने पठनप्रक्रिया हो भने यसले पाठनिष्ठ अध्ययनका माध्यमबाट पूर्वपाठमा रहेका अवधारणाको खण्डन-मण्डन, समर्थन तथा त्यसप्रति तटस्थ दृष्टिकोण प्रस्तुत गर्दछ ।

उत्तरपठन पूर्वपाठमा विद्यमान रहेका विषय तथा त्यसका आधारमा नयाँ पाठको सर्जिना गर्ने विनिर्माणिक प्रक्रिया हो उत्तरपठन पाठमा अन्योन्याश्रित विरोधाभाषी अर्थको अन्त्यहीन पुनरावृत्तिको परिणामस्वरूप पाठलाई

संरचनाको केन्द्रीय अर्थका आधारमा नभई अस्थिर अर्थका आधारमा बोध गर्नुपर्ने विषयका आधारमा पाठमा पूर्वपाठको अंश विद्यमान रहने तकृमा आधारित विनिर्माणिक प्रक्रिया हो (कडन, २०१३, पृ. १९०) । प्रत्येक पाठ आफैंमा विनिर्मित र अन्तर्पाठीय हुन्छन् भन्ने विनिर्माणको अवधारणा उत्तरपठनको सैद्धान्तिक आधार हो । आन्तर्पाठीयताको अङ्गका रूपमा उत्तरपठन भाषिक कोड वा सङ्केत हो जसले बृहत्तर विषयवस्तुलाई सङ्क्षेपीकरण गरी दुई भिन्न संरचनालाई परस्परमा जोड्दछ (कलर, सन् २००१, पृ. ११४) । उत्तरपठन भई संरचित कृतिमा पूर्वपाठमा अवशिष्ट सौन्दर्यको प्रतिबिम्बन पछिल्ला पाठमा हुने भएकाले यो परस्परमा दुई पाठका पाठगत सौन्दर्यलाई परस्परमा जोड्ने तथा बहुल सौन्दर्यमा आधारित रचना निर्मितिको माध्यम पनि हो । एक पाठमा दुई भिन्न सौन्दर्य र अन्तर्वस्तु भएका कृतिको सौन्दर्यको अभिव्यञ्जना हुने अन्तर्पाठीय विशेषता दुबसु क्षेत्रीका कवितामा प्रस्तुत भएका छन् । कवि क्षेत्रीका कवितामा पूर्वपाठको सारपूर्ण कथनलाई उत्तरपठन गरी कृतिगत संरचनालाई मूर्तता प्रदान गरेको सन्दर्भ निम्नलिखित कवितांशबाट पुष्टि हुन्छ :

म त्यसैले मनको गङ्गोत्री नुहाउन जाने भएको छु
पलायनताको सोमदत्त म
मैले कुनै उत्प्रेरक मनुवा दह पाउनुपर्छ
मैले कुनै उत्तेजक स्नान गृह पाउनुपर्छ
उत्तेजक झरनाको पानी पाउनुपर्छ (क्षेत्री, २०६७, पृ. ८१)

प्रस्तुत पङ्क्तिगुच्छमा विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* उपन्यासमा अभिव्यक्त अध्यात्मवादी दर्शनलाई अनुशरण गर्ने आर्यसमाज र प्राकृत दर्शनलाई आत्मसात गर्ने किरात दर्शनबाट निर्देशित जिजीविषासँग सारभूत पक्षको उत्तरपठन गरिएको छ । मान्छेलाई अस्तित्व प्रदान गर्ने तथा अन्यबाट पृथक् तुल्याउने मुख्य विषय नै पहिचान रहेको विषयको अभिव्यञ्जनाका लागि प्राचीन नेपाली सभ्यतासँग सम्बन्धित पूर्वपाठमा अभिव्यक्त विषयको औचित्य एवम् सान्दर्भिकता समकालीन समयसम्म पनि उत्तिकै सारपूर्ण रहेको पक्षको अभिव्यञ्जनाका लागि पूर्वपाठको उत्तरपठन गरिएको हो । यस पङ्क्तिगुच्छमा अभिव्यक्त दृष्टिकोण स्वअस्तित्वका लागि दोस्रोको अस्तित्वलाई पनि स्वीकार र ग्रहण गर्नुपर्ने भावनिर्मितिका लागि पूर्वपाठको अन्तर्वस्तुलाई विस्तारित रूपमा उत्तरपठनका माध्यमबाट प्रस्तुत गरिएको छ । यस पङ्क्तिगुच्छमा अभिव्यक्त दृष्टिकोणका आधारमा यो कविता पूर्वपाठका रूपमा सुम्निमा उपन्यासको कथन तथा काव्यिक सौन्दर्यसमेत दुई भिन्न पाठको रचनाको विधायित आस्वादनको उपस्थिति भई पूर्ववाठको विपठन भएको कृतिमा परिणत भएको छ । क्षेत्रीका कवितामा पूर्वीय र पाश्चात्य दर्शनको अन्तर्मिश्रणबाट सृजित काव्यिक सौन्दर्यको अभिव्यञ्जनाका दृष्टिले निम्नलिखित पङ्क्तिपुञ्ज उल्लेखनीय रहेको छ :

ॐ भूर्भूव स्वः... ... यता घन्कियोस्
बिसमिल्लाह निर्रहमान... ... उता गुञ्जियोस्
गड ब्लेस अस अल... ... त्यता सुनियोस्
ॐ मणिपद्मे हुँ ... ... ... यत्रतत्र थर्कियोस्
एक्काईसौं शताब्दीको सूर्य
हाम्रो सँघारमा आइसकेको छ
ऊ पण्डितले मङ्गलम् भगवान् विष्णु... ... भनिसके
ऊ लामाले ॐ मणिपद्मे... ... भनिसके
उठ, नाचगानका लागि उठ (क्षेत्री, २०६७, पृ. ९५-९६)

प्रस्तुत पङ्क्तिपुञ्जमा मानवभूगोलमा स्थापित प्रमुख धर्म तथा तिनमा अभिव्यक्त अन्तर्वस्तुलाई वर्तमान मान्छेले सत्ता र शक्ति प्राप्तिको साधनका रूपमा उपयोग गरी मान्छेमान्छेबीचमा वैमनस्यता सिर्जना गर्ने माध्यम बनाएको विषयप्रतिको चिन्ता अभिव्यत्तल गर्ने सन्दर्भमा पूर्वपाठको उत्तरपठा गरिएको छ । यस पङ्क्तिपुञ्जमा धर्मका नाममा मान्छेबीच वैमनस्यता सिर्जना गरी तेरो र मेरोको नाममा मानवीयताको वर्गीकरण गरी आफ्नो स्वार्थपूर्तिको माध्यम बनाउने तर धर्ममा निहित दर्शनले दिशानिर्देश गरेको मानवकल्याणसम्बन्धी सत्यलाई शत्रूताका रूपमा परिभाषित र दुष्प्रचार गर्ने मानवविरोधी कार्य र अभियानप्रति व्यङ्ग्य र विरोधको अभिव्यञ्जनाका लागि पूर्वपाठको उत्तरपठन गरिएको छ । यस पङ्क्तिगुच्छमा पूर्वपाठको उत्तरपठन धर्मसम्बन्धी आस्था तथा विश्वास मान्छेलाई अनुशासित, व्यवस्थित र संस्कारित तुल्याई समग्र मान्छेबीच विभेदरहित कल्याणकारी जीवन बाँच्न तथा जीवकल्याणका लागि भावनात्मक रूपमा एकीकरण गर्ने मूलमन्त्रलाई परस्परमा विखण्डन र शक्ति आर्जनको माध्यम बनाएको विषयप्रति आक्रोश प्रकट गर्न सन्दर्भमा गरिएको छ । मानवभूगोलमा स्थापित प्रमुख धार्मिक विश्वास तथा दर्शनलाई काव्यिक स्वरूप दिई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको यस पङ्क्तिगुच्छकै सापेक्ष नेपाली साहित्यका स्थापित व्यक्तिको व्यक्तित्व र कृतित्वको उत्तरपठन गरी संरचित निम्नलिखित पङ्क्तिगुच्छ विश्लेषणीय रहेको छ :

एक्लै चौरस्तामा बसेर
लीला गर्न सक्दैनन् इन्द्र दाइ
एक्लै जुम्रा मार्दै ब्रेल हत्केलामा
हात्ती छामेर तिगेनजोड्ना पर्गेल्न
सक्दैनन् वैरागी दाइ
एक्काईसौं शताब्दीको आँधीमा
सबै सबै भूमिका चाहन्छन्
इन्द्र दाइ, दिवस दाइ, हिमांशु दाइ
सबै सबै भूमिका चाहन्छन् (क्षेत्री, २०६७, पृ. १०७) ।

प्रस्तुत पङ्क्तिगुच्छ नेपाली साहित्यका स्थापित व्यक्तित्व इन्द्रबहादुर राई, वैरागी काइँला, मोहन कोइराला, ईश्वरबल्लभ, तुलसी दिवस र मोहनहिमांशु थापा र तिनका साहित्यिक प्रवृत्ति एवम योगदानको उत्तरपठन गरी संरचित रहेको छ । काव्यिक आवरणमा संरचित यो पङ्क्तिगुच्छ एक दृष्टिमा कविताको संरचनाभित्र समालोचनाको प्रतिरूपजस्तो लाग्दछ । यस पङ्क्तिपुञ्जमा उपर्युक्त स्रष्टाका क्रमशः ‘लीलासूत्र भ्रान्तिहरू र लीलालेखन मात्र’ ‘अस्तित्वको दाबीमा साबातको बैला उत्सव’ ‘फर्सीको जरा’ ‘आगाका फूलहरू हुन्, आगाका फूलहरू होइनन्’ मोहनहिमांशु थापाको ‘खुकुरीमाथि एकचौक्टा बादल’ कवितामा अभिव्यक्त विषयको उत्तरपठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा नेपाली समाजमा विद्यमान मानव स्वतन्त्रताको अपहरण भएको परिदृश्य तथा यसप्रकारको विभेदकारी अधिकारविहीन संस्कृतिको अन्त्यका लागि उठाएइका आवाजमाथि दमन गरी नेपालीहरूको स्वतन्त्रतालाई कल्पनामा सीमित तुल्याउने परिस्थिति परिवर्तित सन्दर्भमा पनि जडवत् यथास्थितिमै निरन्तर गतिशील र शक्तिशाली रहेको विषयको अभिव्यञ्जनाका लागि पूर्वपाठको उत्तरपठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा कविताको एकल भावसौन्दर्यका स्थानमा बहुल कृतिकार र तिनका कृतिका विषयको संश्लेषित अभिव्यक्तिको प्रस्तुतीकरणका कारण यस रचनामा कृतिगत बहुलताको उपस्थिति भएको छ । काव्यिक सौन्दर्यका दृष्टिले अनेक पाठमा अभिव्यक्त सौन्दर्यको अभिव्यञ्जना प्राप्त हुने यस पङ्क्तिपुञ्जको सौन्दर्य विधायित, बहुल र अन्तर्पाठीय रहेको छ । पूर्वपाठको उत्तरपठन गरी संरचित कवि क्षेत्रीको ‘कुसुन्डा राजामामा काठमाडौं आएको

खबर' शीर्षक कविताका निम्नलिखित पङ्क्तिपुञ्जमा नेपाली साहित्यकार र तिनको साहित्यिक व्यक्तित्वसँग सम्बन्धित कृतिगत सौन्दर्य मुखरित भएको छ :

मुकुण्डो लगाइरहँदा
कोही नायक, कोही गायक देखिन्छन्
कोही कवि, कोही कलाकार देखिन्छन्
मुकुण्डो खोलेर हेर्दा
वियोगी, विजय, ध्रुव, ज्ञानु, तीर्थ,
किशोर, हेमन्त, सरुभक्त र धरावासी
सबै-सबै राजामामाहरू (क्षेत्री, २०७३, पृ. ७७) ।

प्रस्तुत 'कुसुन्डा राजामामा काठमाडौं आएको खबर' कविताका उपर्युक्त नेपाली साहित्यका स्थापित व्यक्तिहरूको साहित्यिक व्यक्तित्व र कृतित्वको उत्तरपठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा नेपाली भूगोलका विविध क्षेत्रबाट काठमाडौं आई जिजीविषाका नियमित कर्मसँगै साहित्यका माध्यमबाट राष्ट्रसेवामा समर्पित रहेका व्यक्तिको व्यक्तित्व तथा तिनले नेपाली समाजलाई दिएको योगदान सदैव सीमान्त समूहको आवाजका रूपमा प्रस्तुत भएको कथ्यप्रस्तुतिका लागि पूर्वपाठको उत्तरपठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा प्रस्तुत गरिएका सबै साहित्यकार तथा तिनको साहित्यिक योगदान राष्ट्र र राष्ट्रियता निर्माणका लागि कुनै न कुनै रूपमा समर्पित रहेको तथा तिनको उपस्थित सीमान्तको आवाजका साथै मानवतावादी सन्देशका अतिरिक्त नागरिक स्वतन्त्रता एवम् मानवताका पक्षमा अभिव्यक्त भएको विषयलाई प्रस्तुत गर्ने क्रममा बृहत्तर भावसन्दर्भका साथै तत्तत् कविका काव्यिक प्रवृत्ति र योगदान पनि स्वाभाविक रूपमा पाठका अङ्गका रूपमा प्रस्तुत गरिएका छन् । अनेक पाठलाई सन्दर्भका रूपमा प्रस्तुत गर्ने यस पङ्क्तिपुञ्जमा चित्रण गरिएका स्रष्टा र तिनको साहित्यक व्यक्तित्व एवम् कृतित्वको अभिव्यञ्जना हुनु काव्यिक रचनाका दृष्टिले पूर्वपाठको उत्तरपठन हो । अनेक पाठको उत्तरपठन गरी संरचित यस पङ्क्तिपुञ्जमा पाठगत बहुलताका साथै भावसौन्दर्यमा पनि बहुल सन्दर्भको अभिव्यक्ति भएको छ । बाल्मीकीय रामायणको उत्तरकाण्डसँग सम्बन्धित विषयको उत्तरपठन गरिएको उद्धरणका रूपमा निम्नलिखित पङ्क्तिपुञ्ज व्याख्येय छ :

रामहरू फर्के अयोध्यामा
हनुमान्‌हरू फर्के अयोध्यामा
रामहरूसँग झन्डा आयो
डन्डा आयो
फन्दा आयो (क्षेत्री, २०७३, पृ. ८४)

प्रस्तुत 'हनुमान् -५, उपकविता २ : अयोध्यातिर' कविताका उपर्युक्त पङ्क्तिगुच्छमा बाल्मीकि रामायणमा चित्रित पौराणिक पात्र हनुमानको चारित्रिक विशेषता तथा व्यक्तित्वको उत्तरपठन गरिएको छ । कवि दुबसु क्षेत्रीका कवितामा भानुभक्तीय रामायणको उत्तर पठन गरिएको छ । रामायणमा वर्णित युद्धकाण्डमा रावणमाथि बिजय प्राप्त गरेपछि अयोध्या पुनरागमन तथा रामको आगमनसँगै अयोध्या आएको उत्साहको उत्तरपठन गरिएको छ । कविताको यस पङ्क्तिपुञ्जमा लङ्का विजयपछि उत्साहसँगै चुनौती पनि आएको विषयलाई समकालीन नेपाली समाज तथा यसको व्यवस्थापकीय स्थिरतासँग जोडेर प्रस्तुत गर्ने सन्दर्भमा पूर्वपाठको उत्तरपठन गरिएको हो । यस पङ्क्तिपुञ्जमा वीर हुनु, विजय प्राप्त गर्नुको उत्साहसँगै त्यसलाई स्थायी रूपमा व्यवस्थापन गरी स्थायित्व प्रदान गर्नु थप जिम्मेवारीको विषय रहेको समकालीन नेपाली समाजको परिवर्तित स्वरूप र यसको सम्बर्द्धनका लागि

नेपालीले खेल्नुपर्ने भूमिकालक्षियत व्यञ्जनाको अभिव्यञ्जनाका लागि पूर्वपाठको उत्तरपठन गरिएको छ । यस पङ्क्तिपुञ्जमा परिवर्तन सिमित सङ्घर्ष बाट प्राप्त उपलब्धि नभशई अनेकौशं परिवर्तनकारी शक्तिको बलिदानबाट प्राप्त हुने बिषय रहेकाले यसको उचित व्यावस्थापन नै बलिदानी शक्ति र तिनको त्यागको वास्तविक मूल्य हुने तथा यही नै नेपाली समाजको उत्तरदायित्व रहेको विषयको प्रस्तुतिका लागि पूर्वपाठलाई आधारका रूपमा लिई आम नेपाली नागरिकको दायित्वको अभिव्यञ्जना उत्तरपठाठका रूपमा अभिव्यक्त भएको छ । यस पङ्क्तिपुञ्जमा भानुभक्तीय रामायण र नयाँ पाठमा अभिव्यक्त भावसौन्दर्य समान रूपमा प्रवाहित छ भने यो कविता बहुल पाठको अन्वय गरिएको विनिर्मित रचना बनेको छ । कविता रचनाका क्रमम पूर्वपाठको उत्तरपठन गरी काव्यिक अन्तर्वस्तु सिर्जना गरिएको रचनाका रूपमा निम्नलिखित पङ्क्तिपुञ्ज व्याख्येय छ ।

अयोध्यामा मात्र कति बसिरहनु
म अयाध्याबाट बाहिर निस्कन चाहन्छु
ओ बाल्मीकि !
म रामायणबाट पनि बाहिर निस्कन चाहन्छु (क्षेत्री, २०७३, पृ. ११४-११५)

प्रस्तुत 'कुसुन्डा राम-५' कविताका उपर्युक्त पङ्क्तिगुच्छमा संस्कृत साहित्यमा स्थापित बाल्मीकि रामायणको उत्तरकाण्डसँग सम्बन्धित सन्दर्भको उत्तरपठन गरिएको छ । सत्ता र शक्तिको लामो अभ्यासपछि देवत्व प्राप्त गरेका व्यक्ति पनि अवकाश लिन चाहन्छन् भन्ने कथ्यविषयको प्रस्तुतिका माध्यमबाट नेपाली राजनीतिक वृत्तमा मरणोपरान्त सत्ताबाट बहिर्गमन हुने नेतृत्वको प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने यस पङ्क्तिपुञ्जमा पूर्वपाठमा अभिव्यक्त दृष्टिकोणका माध्यमबाट समकालीन नेपाली राजनीति र राजनीतिज्ञप्रति व्यङ्ग्य गर्ने सन्दर्भमा पूर्वपाठको उत्तरपठन गरिएको हो । पूर्वपाठको उत्तरपठान गरी काव्यिक सौन्दर्य व्यञ्जनाप्रधान बनेको यस पङ्क्तिगुच्छमा पाठगत बहुलताका साथै अन्तर्पाठीय सौन्दर्यको प्रस्तुति भएको छ ।

**निष्कर्ष**

कवि दुबसु क्षेत्रीका कविता विनिर्माणिक प्रक्रियाका रूपमा पूर्वपाठको पुनर्पठन र उत्तरपठन भई विपठन गरिएका पाइन्छन् । यिनका कवितामा पूर्वपाठका रूपमा मानवभूगोलमा स्थापित धर्म, संस्कृति, मान्यता, आप्तवाक्यका साथै नेपाली साहित्यका पूर्ववर्ती स्रष्टा, सिर्जना, सिर्जनात्मक प्रवृत्ति तथा प्राप्तिको विपठन गरी नयाँ कृतिको रचना गरिएको देखिन्छ । कवि क्षेत्रीका विपठन भई संरचित कृतिमा पूर्वस्थापित साहित्यककार व्यक्तित्वका साथै तिनका कृति, प्रवृत्ति तथा प्राप्तिको पुनर्पठन गरिएको पाइन्छ । नेपाली साहित्यमा पूर्वस्थापित स्रष्टाका कृतिमा अभिव्यक्त दृष्टिकोणको कालजयी भावसौन्दर्य तथा कथ्यसन्देशको औचित्य समकालीन नेपाली समाजका लागि मार्गदर्शकका साथै ती अभिव्यक्ति भावी दिनका लागि पनि आवश्यक रहेको विषयको प्रकटीकरणका सन्दर्भमा पूर्वपाठको पुनर्पठन गरिएको देखिन्छ । स्वतन्त्रताविहीनता र बन्धनकारी जीवन बाँच्नुपर्ने नेपालीहरूको बाध्यता तथा युद्धजन्य विभीषिकाका कारण सन्त्रस्त मानवभूगोलमा मानवता नै सर्वोपयोगी धर्म रहेको पक्षको पृष्ठपोषणका लागि पूर्वपाठको पुनर्पठन गरिएका क्षेत्रीका कविता अन्तपाठीय विशेषताका कारण बहुल सौन्दर्य प्रस्तुतिका माध्यम बनेका छन् । पूर्वपाठको पुनर्पठनका अतिरिक्त क्षेत्रीका कवितामा पूर्वपाठका रूपमा पूर्वीय र पाश्चात्य आप्तवाक्यका साथै नेपाली साहित्यका पूर्ववर्ती स्रष्टा र तिनका सिर्जनासमेतको उरपठन गरी पाठगत बहुलता सिर्जना गरिएको देखिन्छ । पूर्वपाठको उत्तरपठन गरिएका क्षेत्रीका कवितामा पूर्वपाठको विपठनका माध्यमबाट एकै कृतिमा बहुल पाठात्मक विशेषताका साथै बहुल भावसौन्दर्यको अभिव्यञ्जना भएको छ । कवि क्षेत्रीका पूर्वपाठको विपठन गरी लेखिएका कवितामा बहुल सौन्दर्यको अभिव्यञ्जना भई अन्तर्पाठीय रचनामा रूपान्तर भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, भानुभक्त (२०६८), *भानुभक्तको रामायण* (दशौं संस्क.), साझा प्रकाशन ।

ईश्वरवल्लभ (सन् १९७६), *आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन्,* सरिता प्रकाशन ।

काइँला वैरागी (२०३१), *वैरागी काइँलाका कविताहरू,* साझा प्रकाशन ।

क्षेत्री, दुबसु (२०६७), *अश्वमेध यज्ञका घोडाहरू,* साझा प्रकाशन ।

क्षेत्री दुबसु (२०७३), *दुबसु क्षेत्रीका नयाँ कविता,* (सम्पा.) विमल भौकाजी, रत्न पुस्तक भण्डार ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* भृकुटी एकेडेमी पब्लिकेसन्स ।

बन्धु, चूडामणि (सम्पा.) (२०३४), *साझा कविता,* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोर्डन बुक्स ।

राई, इन्द्रबहादुर (२०६८), 'कठपुतलीको मन'. *नेपाली कथा* भाग ४ (पाँचौं संस्क.), (सम्पा.) दयाराम श्रेष्ठ, साझा प्रकाशन ।

राणा, जगदीशशमशेर (२०५३), *नरसिंह अवतार* (दोस्रो संस्क.), साझा प्रकाशन ।

रावल, विनय, ज्ञानुवाकर पौडेल र ध्रुव मधिकर्मी (सम्पा.) (२०५१), *समकालीन कवि र कविता,* साझा प्रकाशन ।

सुवेदी, अभि र अन्य (सम्पा.) (२०५५), समकालीन नेपाली कविता, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Chandler, D. (1997): 'An Introduction to Genre Theory' [WWW document] URL http://www.aber.ac.uk/media/Documents/intgenre/intgenre.html [Date of Visit

Cuddan, J. A. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), USA : Wiley-Blackwell.

Culler, Jonathan (2001). *The Pursuit of signs*. Routledge.

Derrida, J. (1981). *Writing and Diffarance*. Alan Bass (Trans.). Routledge Classic. https://doi.org/10.7208/chicago/9780226816074.001.0001

Derrida, J. (1992). "Structure sign and play in the Discourse of human sciences. In Hazard Admas (Trans.). *Critical Theory since Plato*, Harcourt Brace Jovanvich Collage Publishers.

McHale, Brian (1987). *Post Modernist Fiction*, Methuen.

Mehlman, J. (Winter, 1972). "Portnoy in Paris". *Diacrities* 2(iv). https://doi.org/10.2307/464502

Podgojna, Patrrycja (2018). "Reorganization of space in Zadie Smith's On beauty". *Mediated Fictions* (15). Pp. 93-104

Spivak, G. C. (1997). (Preface). *Of Grammatology*. The Johns Hopkins University Press.